चौतारा साँगाचोकगढी नगरपालिका

# नगर राजपत्र

खण्ड: ३ संख्या: ९ मिति: २०७६/03/३१

भाग - १

चौतारा साँगाचोकगढी नगरपालिका

## चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७६

# चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७६

| नगर सभाबाट स्वीकृत मिति | २०७६ ।03 ।3१ |
|---|---|

चौतारा साँगाचोकगढी नगरपालिका
सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना** :
प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि ज्ञान, सीप, श्रम, स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा यो ऐन प्रारम्भ हुनुपूर्व स्थापना भई सञ्चालन भईरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर बृद्धि गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२१, अनुसूची ८ को सूची नम्बर ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चौतारा साँगाचोकगढी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्र भरी लागू हुनेछ ।

(३) यो ऐन नगर कार्यपालिकाको कार्यालयले राजपत्रमा प्रकाशन गरेको दिनबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,

(क) "ऐन" भन्नाले नगर शिक्षा ऐन, चौतारा साँगाचोकगढी नगरपालिकाको शिक्षा ऐन २०७६ लाई सम्झनुपर्छ ।

(ख) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ग) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ) "प्रदेश शिक्षा ऐन" भन्नालें प्रदेश नं. ३ को संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय सरकार सञ्चालन ऐन" संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(छ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका वा नगरपालिकाहरु सम्झनुपर्छ ।

(ज) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "कार्यपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ञ) "कार्यालय" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय र यस अन्तर्गतका विषयगत शाखा सम्झनुपर्छ ।

(ट) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ठ) "उपप्रमुख" भन्नाले नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) “शिक्षा शाखा प्रमुख” भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा काम गर्ने अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(ण) “शिक्षा समिति” भन्नाले यस ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

(त) “परीक्षा समिति” भन्नाले परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(थ) “व्यवस्थापन समिति” भन्नाले यस ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनुपर्छ ।

(द) “शुल्क” भन्नाले तोकिए बमोजिमका विद्यालयले नियम अनुसार विद्यार्थी सँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ध) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(न) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(प) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(फ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाइ छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ब) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादनको लागि दिइने माध्यमिक शिक्षा सम्झनु पर्दछ ।

(भ) “धार्मिक शिक्षा वा विद्यालय” भन्नाले परम्परागत रुपमा चलि आएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

(म) “अनौपचारिक शिक्षा” भन्नाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(य) “निरन्तर शिक्षा” भन्नाले साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(र) “समावेशी शिक्षा” भन्नाले देहायका शिक्षा सम्झनुपर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिका अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(ल) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(व) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट अनुदान नपाउने गरी, नेपाल सरकारको पाठ्यक्रमको अध्यापन गराउने, स्थानीय सरकारको शिक्षा ऐन नियमावली अन्तर्गत रहने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(श) “आवासीय विद्यालय” भन्नाले छात्रछात्राको लागि आवासीय सुविधा सहितको पठनपाठन हुने गरी नगरपालिकाबाट अनुमति वा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउने छ ।

(ष) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुहले नाफा नलिने उद्देश्यले स्थापना गरेका सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(ह) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले शिक्षाको अभिन्न अंगको रुपमा समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ।

(क्ष) “शिक्षक” भन्नाले विद्यालयका अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त्र) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ज्ञ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको बाबु वा आमा वा बाजे वा बज्यै, सासु वा ससुरा र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(कक) “आधारभूत शिक्षा परीक्षा” भन्नाले आधारभूत तह कक्षा आठको अन्तिम परीक्षा सम्झनुपर्छ ।

(कख) “नगर शिक्षा शाखा” भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(कग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने बुझ्नुपर्दछ ।

(कघ) “अनुमति” भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेका कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाइ सम्झनुपर्छ ।

(कङ) “पाठ्यपुस्तक” भन्नाले संघीय सरकारले निर्धारण गरेको अनिवार्य पाठ्यपुस्तक र प्रदेश एवं स्थानीय सरकारले विषेश अवस्थाका लागि थप गरिएको अतिरिक्त पाठ्पुस्तक भन्ने बुझिनेछ ।

(कच) “समायोजन” भन्नाले दुई वा दुई भन्दा बढि विद्यालयलाई एउटै विद्यालयमा गाभ्ने प्रक्रियालाई सम्झनुपर्छ ।

(कछ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले सो मुलुकमा स्थायीरुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको बैधानिक अनुमति सम्झनुपर्छ ।

## परिच्छेद २

## शिक्षाको प्रकार, शिक्षाको माध्यम, विद्यालयको वर्गीकरण

**३. माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षा देहाय बमोजिमका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

**४. शिक्षाको माध्यम** :

(१) सामुदायिक विद्यालयमा कक्षा अध्यापनको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा सामुदायिक विद्यालयमा कक्षा अध्यापनको माध्यम देहाय बमोजिम हुनसक्नेछ :-

(क) आधारभूत विद्यालयहरुले आवश्यकता अनुसार कक्षा ५ सम्म अतिरिक्त विषयका रुपमा नगरपालिकाबाट अनुमति प्राप्त गरी मातृभाषामा अध्यापन गराउन सक्नेछन् भने सरकारद्वारा निर्धारित पाठ्यपुस्तक अध्यापन गराउदा मातृभाषालाई शिक्षण माध्यमको रुपमा प्रयोग गर्न सक्नेछन् ।

(ख) भाषा विषयको पाठ्यपुस्तक अध्यापन गराउदा अध्यापनको माध्यम अनिवार्यरुपमा सोही भाषा हुनेछ ।

(ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषमा नै गराउनु पर्नेछ ।

५. **औपचारिक विद्यालय शिक्षाः** (१) औपचारिक विद्यालय शिक्षामा देहाय अनुसारका तह हुनेछन् -

(क) ३ वर्ष पुरा भएका तर ५ वर्ष पुरा नभएका बालबालिकाका लागि प्रारम्भिक बालविकास केन्द्र ।

(ख) प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ८ सम्मको आधारभूत तहको शिक्षा ।

(ग) कक्षा ९ देखि कक्षा १२ सम्मको माध्यमिक तहको शिक्षा ।

६. **अनौपचारिक शिक्षा** :(१) बालबालिका तथा वयस्क व्यक्तिहरुको लागि आवश्यकता अनुसार अनौपचारिक शिक्षा देहाय अनुसार हुनेछः

(क) शारीरिक तथा भौगोलिक कारणले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न असमर्थ भएकाको लागि बाल शिक्षा, वयस्क शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था नगरपालिकाले मिलाउनेछ ।

(ख) नगरपालिकाले अनौपचारिक शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्नेछ ।

(ग) अनौपचारिक शिक्षाको पाठ्यक्रम, सन्दर्भ सामग्री, सिकाइ निर्देशिका आदि नगरपालिकाले तय गर्नेछ।

(घ) उपदफा (१) को (क) अनुसारको कार्यक्रममा रहेर शिक्षा हासिल गर्ने सहभागीको सिकाइ उपलब्धिलाई आवश्यकता अनुसार मापन गर्न सकिनेछ र सिकाइ उपलब्धिलाई आधारभूत तहसम्मको समानान्तर श्रेणिको मान्यता कार्यबिधि बनाएर नगरपालिकाले दिन सक्नेछ ।

७. **विशेष शिक्षा** : (१) पूर्ण कार्य क्षमतामा कमि भएका बालबालिकाहरुलाई विषेश पद्धतिबाट पठनपाठनको व्यवस्था देहाय अनुसार हुनेछ ।

(क) नगरपालिकाले दृष्टिविहीन, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) नगरपालिकाको विशेष शिक्षा प्रदान गर्न कुनै खास विद्यालयलाई छनौट गर्न सक्नेछ ।

(घ) विषेश शिक्षा औपचारिक र अनौपचारीक दुबै हुनेछ ।

(ङ) विषेश शिक्षाको पठनपाठन विशेष शिक्षक (दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका शिक्षक) भएमा सोही शिक्षकले र विशेष शिक्षक नभएको अवस्थामा स्रोत शिक्षकद्वारा अध्यापन गराईनेछ ।

८. **नगरपालिकाले प्रारम्भिक बालशिक्षाको मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम व्यवस्था गर्नेछ ।**

९. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय र ई-वाचनालय सञ्चालन हुन सक्नेछ।

१०. **विद्यालयको वर्गीकरण :**

(क) “क” वर्गको विद्यालय,

(ख) “ख” वर्गको विद्यालय,

(ग) “ग” वर्गको विद्यालय,

(घ) “घ” वर्गको विद्यालय ।

सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगाडि नै तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सक्नेछन । विद्यालयको वर्गीकरणको लागि देहाय बमोजिमको समिति गठन हुनेछ ।

☞ प्रमुख प्रशासकीय अधिकृत - संयोजक

☞ संयोजक, सामाजिक विकास समिति - सदस्य

☞ अध्यक्ष, शिक्षक महासंघ (नगरपालिका स्तर) - सदस्य

☞ नगर शिक्षा समितिबाट मनोनित शिक्षाविद् तथा समाजसेवी मध्येबाट एक जना - सदस्य

☞ शिक्षा शाखा प्रमुख - सदस्य सचिव

विद्यालय वर्गीकरणका सूचक तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## विद्यालयको अनुमति, स्वीकृति, व्यवस्थापन, समायोजन तथा नियमन

### ११. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :

(१) कुनै नेपाली वा नेपाली नागरिक समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिससहित शैक्षिक सत्र शुरु हुनुभन्दा तीन महिना अगावै प्रारम्भिक बालविकास कक्षा सञ्चालन तथा आधारभुत/माध्यमिक तहका कक्षा थप गर्न चाहने विद्यालयहरुले शैक्षिक सत्र शरु हुनुभुन्दा दुई महिना अगावै नगरपालिकाको सम्बन्धित शिक्षा शाखामा अनमुतिका लागि निवदेन दिनपुर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदनउपर शाखाबाट खटिएको अधिकृतस्तर कर्मचारीबाट आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न तथा कक्षा थप गर्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयमा शिक्षा शाखाले शैक्षिक सत्र शुरु हुनुभन्दा अघि अनुमति दिनुपर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा शाखामा निवेदन दिन सक्नेछन् ।

(४) दफा ११ को अनुच्छेद (३) मा जे सुकै लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय ।

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय ।

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय ।

(५) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सँगठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्नसक्ने छ, तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत र माध्यमिक तहको हकमा नगरशिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्नसक्नेछ ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर, नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयलाई अनुमति दिन सकिनेछ ।

(९) विद्यालय खोल्ने अनुमति दिँदा विद्यालय सञ्चालनको सुरक्षणवापत सामुदायिक विद्यालयको आधारभूत तह निःशुल्क र माध्यमिक तह भए दुई लाख र संस्थागत विद्यालयको हकमा आधारभूत १-५ भए एक लाख, १-८ भए दुई लाख र माध्यमिक भए तीन लाख धरौटी राख्नुपर्नेछ ।

**१२. प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धमाः**

(१) प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुमति दिने, रद्द गर्ने सम्बन्धी विशेष व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि सम्बन्धन दिने अधिकारप्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पुरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

(ख) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले व्यवस्थापन पक्ष, शैक्षिक गुणस्तर क्षेत्रमा लगातार ३ वर्ष सम्म सन्तोषजनक रुपमा उपलब्धि हासिल नगरेको पुष्टि हुने प्रमाणका आधारमा नगर कार्यपालिकाले त्यस्तो अनुमति रद्द गर्न सक्नेछ, तर अनुमति रद्द गर्नु अघि त्यस्तो विद्यालय वा संस्थालाई सफाइको मौका दिनुपर्नेछ ।

**१३. शैक्षिक गुणस्तर परीक्षण उप समिति** : विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्नका लागि नगर शिक्षा समितिले नगर शिक्षा प्रमुखको संयोजकत्वमा एक शैक्षिक गुणस्तर परीक्षण उपसमिति गठन गर्नसक्नेछ । उपसमितिमा रहने पदाधिकारीहरु तथा तिनीहरुको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. पाठयक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयमा संघ, प्रदेश तथा स्थानीय सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक लागू हुनेछन् ।

(२) सबै किसिमका विद्यालयले, सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक बाहेक अतिरिक्त पाठ्यपुस्तक अध्यापन गराउन चाहेमा नगरपालिकाको अनुमति लिएर मात्र अध्यापन गर्न पाउनेछ ।

(३) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।

(४) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको सख्या सम्बन्धित विद्यालयले तोकिए बमोजिमको सीमा भित्र माग गर्नु पर्नेछ ।

(५) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ पाठ्य घण्टा बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम र अन्य तोकिएका पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

**१५. नगर शिक्षा समितिको गठनः**

(१) नगरपालिका क्षेत्रभित्रका विद्यालय शिक्षाको व्यवस्थापन, गुणस्तर सुधार, नियमन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक नीतिगत सुझाव दिन देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकत - सदस्य

(घ) संयोजक, सामाजिक विकास समिति, नगर कार्यपालिका - सदस्य

(ङ) नगर कार्यपालिकाद्वारा नगर कार्यपालिका सदस्य मध्येबाट एक महिला र एक दलित समेत मनोनित २ जना - सदस्य

(च) सामुदायिक विद्यालयमा कम्तिमा ५ वर्ष शिक्षण सेवा गरेका माध्यमिक तहको प्रधानाध्यापक मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(छ) सामुदायिक विद्यालयमा कार्यरत स्थायी महिला शिक्षकहरु मध्येबाट कार्यपालिकाले मनोनित १ जना - सदस्य

(ज) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट कार्यपालिकाद्वारा मनोनित १ जना अध्यक्ष - सदस्य

(झ) समाज सेवी, शिक्षाप्रेमीहरूमध्येबाट नगर शिक्षा समितिद्वारा मनोनित एक महिला सहित २ जना - सदस्य

(ञ) नेपाल शिक्षक महासंघको नगर अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ट) नगर शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले बैठकमा छलफल गरिने विषयको गहनताको आधारमा विषयविज्ञलाई आवश्यकता अनुसार विषयगत माध्यमिक शिक्षक, शिक्षाका नगरस्तरीय पेशागत सङ्घ/सङ्गठनका प्रमुख वा प्रतिनिधिहरू वा नगरका प्रबुद्ध व्यक्तित्व, प्राविधिक विद्यालयत र विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु र संस्थागत विद्यालयहरू र नगर बाल सञ्जालका अध्यक्षहरुलाई बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) नगर शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक दुई महिनामा एक पटक बस्नुपर्नेछ ।

(४) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले तीन वर्षको हुनेछ । तर मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाईएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई बैठकमा पेश गर्ने मौका दिनु पर्नेछ ।

१६. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) नगर भित्रका विद्यालयहरुमा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न नगर शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप पूर्ण कार्य क्षमतामा कमि भएका बालबालिकाका लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न, नयाँ विद्यालय खोल्न वा गाभ्न सिफारिस गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न नगर शिक्षा शाखा मार्फत विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) नगर स्तरीय अतिरिक्त क्रियाकलाप, खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न नगर शिक्षा शाखालाई निर्देशन दिने,

(ड) नगर क्षेत्रभित्र सञ्चालनमा रहेका आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ढ) नगरकार्यपालिका तथा नगर सभावाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने ।

(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(त) नगर क्षेत्रभित्र पूर्ण कार्य क्षमतामा कमि भएका बालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने,

(थ) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने,

(द) नगर शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने ।

**१७. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार**

(१) नगरस्तरीय शिक्षा, युवा तथा खेलकुदसम्बन्धी योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेस गर्ने,

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने,

(४) नगर कार्यपालिका, नगरशिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक परामर्श दिने,

(५) शिक्षकहरुको तोकिए बमोजिमको कार्यसम्पादन मूल्याकन गरी अभिलेख राख्ने,

(६) आधारभूत तहको कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,

(७) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

(८) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरे नगरेको अनुगमन गर्ने,

(९) विद्यालयबाट प्राप्त भएका लेखापरीक्षकहरुको सूचीमध्ये एकजनालाई लेखापरीक्षकमा नियुक्त गर्ने,

(१०) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने/गराउने,

(११) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

(१२) शिक्षकको तलवी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने,

(१३) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने/गराउने,

(१४) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(१५) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१८. वडा शिक्षा समिति गठनः**

(१) वडा क्षेत्रभित्रका विद्यालय शिक्षाको व्यवस्थापन, गुणस्तर सुधार, नियमन, अनुगमन तथा मूल्यांकन गर्न आवश्यक नीतिगत सुझाव दिन देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा महिला सदस्य मध्येबाट वडा समितिले छानेको १ जना - सदस्य

(ग) शिक्षक अभिभावक संघका अध्यक्ष मध्ये वडा समितिवाट मनोनित १ जना - सदस्य

(घ) शिक्षा प्रेमी तथा समाजसेवीहरु मध्येवाट १ जना महिला सहित २ जना वडा समितिवाट मनोनित - सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये वडा समितिवाट मनोनित १ जना - सदस्य

(च) प्रधानाध्यापकहरु मध्येबाट मनोनित १ जना - सदस्य

(छ) महासंघको प्रतिनिधि(वडाभित्रका शिक्षकहरु मध्येबाट) १ जना - सदस्य

(ज) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ, तर मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाईएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले

निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**१९. वडा शिक्षा समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन प्रकृयालाई सहजिकरण गर्ने ।

(ख) गठन भएका समितिहरुलाई प्रमाणिकरण गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको वार्षिक योजना कार्यान्वयनमा नगरपालिका तथा अन्य दातृ निकायसँग समन्वय गर्ने ।

(घ) विद्यालयका कृयाकलापहरुको अनुगमन तथा नियमन गर्ने र समितिलाई पृष्ठपोषण तथा निर्देशन दिने ।

(ङ) विद्यालय स्थापना, स्तरोन्नति, गाभ्ने, बन्द गर्ने, खारेज आदिको लागि उचित पुष्ट्यांई सहित नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

(च) आवश्यकता अनुसार वडा भित्र दरबन्दी यथास्थानमा कायम रहने गरी शिक्षक, कर्मचारीलाई आफ्नै वडा भित्र काजको व्यवस्थापन गर्न सिफारिस गर्ने ।

(छ) विद्यालय व्यवस्थापन तथा सञ्चालनमा सम्बन्धित समितिका पदाधिकारी, शिक्षक वा कर्मचारीको कारणबाट विद्यालयको सेवामा नकारात्मक असर परेको वा पर्ने प्रवल सम्भावना रहेको पुष्टि हुने कारण सहित नगर शिक्षा समितिमा कारवाहीको लागि सिफारिस गर्ने ।

(ज) शिक्षक, कर्मचारी करारमा नियुक्ति प्रकृयामा प्रतिनीधिको रुपमा सहभागी हुने ।

(झ) विद्यालयको सामाजिक तथा लेखा परीक्षण वार्षिकरुपमा अनुमोदन गर्ने ।

(ञ) शिक्षक कर्मचारीहरुको हाजिरी विदा लगायत प्रमाणित गर्ने ।

**२०. विद्यालय व्यवस्थापन समिति ः**

(१) सामुदायिक विद्यालयको व्यवस्थापन, गुणस्तर सुधार, नियमन, अनुगमन तथा मूल्यांकन गर्न आवश्यक नीतिगत सुझाव दिन प्रत्येक विद्यालयमा देहाय बमोजिमको विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) नगर शिक्षा प्रमुख वा प्रतिनिधिको उपस्थितिमा वडा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा भएको भेलामा विद्यालय अभिभावक भेलाले आफूहरुमध्येबाट छानी पठाएको २ जना महिला सहित ४ जना - सदस्य

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुबाट सो वडा समितिले तोकेको १ जना - सदस्य

(ग) उपदफा (क) र (ख) का सदस्यहरुको संयुक्त बैठकबाट विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवि, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने वा विद्यालयलाई उल्लेखनीय योगदान गरेका व्यक्तिहरु मध्येबाट बैठकले गरेको निर्णय अनुसार एकजना महिला सहित २ जना - सदस्य

(घ) विद्यालयका शिक्षक अभिभावक संघको अध्यक्ष पदेन - सदस्य

(ङ) स्थानीय संघ संघसंस्था, सामाजिक समूहहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(च) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको १ जना शिक्षक प्रतिनिधि - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक १ जना - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको बैठकमा नगर शिक्षा प्रमुख वा प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) विद्यालयमा गठन भएको बालक्लवमा आवद्ध एक जना बालक र एकजना बालिका गरी २ जना बालबालिकालाइ बालक्लबले तोके अनुसार विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनुपर्नेछ ।

(४) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगर स्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेका एक जना सदस्य विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

(६) स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको विद्यालय व्यवस्थापन समितिमा कम्तिमा एकजना अपांगता भएका व्यक्ति सदस्य रहनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वडा शिक्षा समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(८) नियम २० को उपदफा १ को क को हकमा अभिभावक भन्नाले आमा, बाबु, बाजे-बजैलाई जनाउँनेछ ।

**२१. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति लाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगर कार्यपालिकाबाट खटिएर आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय सम्बन्धमा तोकिए बमोजिम सामाजिक परीक्षण गराई नगर शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउन

(ज) नगर/वडा शिक्षा समितिको प्रतिनिधि, विद्यालयका चन्दादाता, संस्थापक, समाजसेवी, शिक्षाविद् र अभिभावकहरूको भेला गराई शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमहरुको सम्बन्धमा जानकारी गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन वडा शिक्षा समितिमा पेश गर्ने,

(ञ) विद्यालयको लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने,

(ट) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(ठ) रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिको लागि पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र पद रिक्त हुनुको कारण र अभिलेख सहित कार्यालयलाई जानकारी गराई पद पूर्तिको लागि नगर शिक्षा शाखामा अनुमतिको माग गर्ने/गराउने,

(ड) नगर शिक्षा प्रमुख वा शिक्षा अधिकृत तथा वडा शिक्षा समितिका अध्यक्षले विद्यालयको निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल अनुपस्थित देखिएमा त्यस्ता शिक्षक तथा कर्मचारीलाई अनुपस्थित हुनुको उचित कारण खुलाउन मौका दिने र प्रस्तुत कारण सन्तोषजनक नपाईएमा समितिले अनुपस्थित भएका दिनको चेतावनी वा तलब कट्टी वा दुवै गर्न सक्नेछ ,

(ढ) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगर कार्यपालिकामा अनुरोध गर्ने,

(ण) शिक्षक एवम् कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(त) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा तोकिए बमोजिम पदाधिकारी रहेको शिक्षक अभिभावक संघ गठन गर्न सहजिकरण गर्ने,

(थ) नगर तथा वडा शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने र गराउने।

(द) नगरपालिकाबाट उपलब्ध गराइएको ढांचामा शैक्षिक व्यवस्थापकीय गुणस्तर उकास्ने, मानवीय संसाधन अधिकतम परिचालन गर्ने तथा विद्यालयको वार्षिक कार्ययोजना बनाई प्रधानाध्यापकमार्फत नगर शिक्षा समितिमा पठाउने।

**२२. विद्यालय व्यवस्थापन समितिको कार्य अवधिः** विद्यालय व्यवस्थापन समितिको कार्य पदावधि ३ (तीन) वर्षको हुनेछ।

**२३. राजिनामा स्वीकृत गर्ने :** व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिको बैठकले स्वीकृत गर्नेछ। तर, अध्यक्षको पद रिक्त रहेको अवस्थामा सदस्यको राजिनामा व्यवस्थापन समितिको वडा शिक्षा समितिको अध्यक्षतामा बैठक बसी स्वीकृत गर्नेछ।

**२४. व्यवस्थापन समितिको पदाधिकारी हुन नसक्ने** : देहायको व्यक्तिहरु व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य हुनसक्ने छैनन्।

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको तर जन प्रतिनिधिको हकमा यो लागु हुने छैन।

(च) सरकारी कोष वा सरकारी हिस्सा रहेको संस्थाबाट तलव भत्ता खानेगरी नियुक्त शिक्षक तथा कर्मचारी,

(छ) कुनै पनि गैह्रसरकारी निकायमा नियमित उपस्थित हुनु पर्ने गरी काम गरेको

**२५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** :

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा विद्यालयको शैक्षिक गुणस्तर तथा व्यवस्थापकीय पक्ष लगातार दुई बर्ष सम्म कमजोर हुँदै गएको वा विद्यालयको सम्पत्ति हिनामिना गरेको पुष्टि हुने पर्याप्त आधारहरु नगर शिक्षा समितिले पाएमा

त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सकिनेछ । तर त्यसरी विघटन गर्नु अघि उक्त समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन गर्न नभ्याएको अवस्थामा तत्कालको लागि कार्य सञ्चालन गर्न नगर शिक्षा समितिले सम्बन्धित वडाका वडा शिक्षा समितिलाई विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य अधिकार प्रयोग गर्न जिम्मेवारी तोक्न सक्नेछ ।

(३) कम्तिमा महिनाको एक पटक विद्यालय व्यवस्थापन समितिको वैठक वस्नु पर्नेछ । सो वैठकमा अध्यक्षको अनुपस्थित भएमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले समितिको अध्यक्षता गर्ने छन् । समितिको वैठकमा लगातार तिन पटक अनुपस्थित हुने अध्यक्षको पद स्वतः खारेज हुनेछ । समितिको पदावधिको वांकी अवधिको लागि विशेष अभिभावक भेला गरि समिति गठन गर्न सक्ने छ ।

**२६. विद्यालय स्थानान्तरण, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) नगर शिक्षा समितिले कुनै पनि सामुदायिक विद्यालयलाई ऐन नियम अनुसारको मापदण्डमा सञ्चालन हुने अवस्था नभएमा एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) नगर शिक्षा समितिले मापदण्ड पूरा नभएका, र विद्यार्थीको हितमा आघात नपर्ने अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(३) विद्यमान व्यवस्थापन भन्दा प्रभावकारी फरक व्यवस्थापनबाट सञ्चालन गर्दा राज्यको आर्थिक भार कम हुने, व्यवस्थापनमा सहजता हुने तथा शैक्षिक गुणस्तर कायम राख्न सकिने गरी नविन व्यवस्थापकीय पद्धति, प्रक्रियाबाट सञ्चालन गर्न परेको अवस्थामा पनि विद्यालय गाभ्न सकिनेछ ।

(४) यसरी गाभिएका विद्यालयहरुको नामका सम्बन्धमा वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल समूहको संयुक्त भेलाबाट पारित भएको विद्यालयको नाम परिवर्तन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

(५) नगर शिक्षा ऐन र नियमावलीको मापदण्ड अनुसार विद्यालय सञ्चालन नभएको पुष्टि भएमा सो विद्यालयका बालबालिकालाई आधारभूत विद्यालय तहको शिक्षाको सुनिश्चित हुने गरी बन्द गर्न नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

(६) कुनै विद्यालयले सामान्य प्रकृतिका मापदण्ड नपुगेको अवस्थामा र गाभ्ने आधार पनि औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

(७) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात अस्तित्वमा रहने विद्यालयको हस्तानान्तरण एवं जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नु पर्नेछ ।

**२७. शिक्षक अभिभावक संघ गठन :**

(१) विद्यालयमा समुदायका अभिभावकहरुको सहभागिता, निगरानी तथा योगदानलाई शैक्षिक गुणस्तर अभिबृद्धिको लागि प्रत्येक सामुदायिक विद्यालयमा देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक संघ गठन हुनेछ :

(क) वि.व्य.स.ले अभिभावकहरूको भेला गराई अभिभावक मध्येबाट १ जना - अध्यक्ष

(ख) अभिभावकबाट महिला २ र पुरुष २ गरी - ४ सदस्य

(ग) वि.व्य.स अध्यक्ष - पदेन सदस्य

(घ) विद्यालय बाल समुहका संरक्षक शिक्षक - सदस्य

(ङ) विद्यालय बाल समूहका अध्यक्ष - सदस्य

(च) प्रधानाध्यापक वा निजले तोकेको शिक्षक - सदस्य सचिव

(२) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपनियम (१) बमोजिम विद्यालय अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तिमा एक जना अभिभावक हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित कार्यकारी समितिका सदस्य कुनै कारणबाट खाली हुन आएमा वा अभिभावक नरहेको अवस्थामा विद्यालय व्यवस्थापन समिति र विद्यालय अभिभावक संघको संयुक्त भेलाले बाँकी अवधिका लागि पदपूर्ति गर्न मनोनयन गर्नेछ ।

(५) उपनियम (१) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२८. शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः**

(क) विद्यालयमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्नको लागि शिक्षक र अभिभावक संघको संयुक्त भेलाबाट वार्षिक कार्ययोजना निर्माण गर्ने,

(ख) विद्यालयका शिक्षक कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीले नगर शिक्षा ऐन, नियम, नियमावली, निर्देशन, परिपत्रको कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन तथा नियमन गर्ने तथा सो सम्बन्धमा शिक्षक अभिभावक संघको बैठकबाट विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे जानकारी राख्न प्रधानाध्यापक वा तोकेको शिक्षकबाट जानकारीमूलक अन्तरकृया सञ्चालन गर्न लगाउने ।

(घ) आम अभिभावकको भेला गराई विद्यालयको शैक्षिक, व्यवस्थापकीय तथा भौतिक पक्ष अर्धवार्षिक र आर्थिक पक्षको सामाजिक परीक्षण वार्षिक रुपमा गर्ने, गराउने ।

(ङ) कुनैपनि शिक्षक वा कर्मचारीले पदीय आचरणमा नरहेको, दायित्व निर्वाह नगरेको पुष्टि हुने अवस्था भएमा आवश्यक कारवाही गर्नको लागि विद्यालय व्यवस्थाापन समितिलाई र व्यवस्थापन समितिका सदस्यहरुको हकमा नगर शिक्षा समिति समक्ष आवश्यक कारवाही गर्नको लागि सिफारिस गर्न सक्नेछ ।

(च) विद्यालय अभिभावक संघले विद्यालयको शैक्षिक गतिबिधिमा अवरोध पुग्ने कृयाकलाप गरेमा, विद्यालयको वातावरणमा अनाबश्यक विवाद सृजना गरेको पुष्टि हुने कृयाकलाप भएको छ भन्ने

लागेमा पुष्टि हुने प्रमाण सहित वडा शिक्षा समितिले उक्त विद्यालय अभिभावक संघ खारेजीको लागि नगर शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ ।

(छ) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम विद्यालय अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नुपर्नेछ ।

(ज) उपलब्ध गराइएको कार्य सम्पादन स्वःपरीक्षण फाराम भरी वडा शिक्षा समितिलाई शैक्षिक सत्र सुरु भएको १ महिना भित्र बुझाउनु पर्नेछ ।

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

**२९. शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा स्थायी र करार दरबन्दीका शिक्षक र विद्यालय कर्मचारीको व्यवस्था संघीय सरकारको नियमानुसार हुनेछ ।

**(क) विद्यमान वा थप शिक्षक सम्बन्धमा :** विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी संख्या, अध्यापन गरिदै आएको विषयहरु र अन्य तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी नगरपालिकामा लेखि पठाउनु पर्नेछ । उपदफा (क) बमोजिम माग भएको अवस्थामा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी संख्या, अध्ययन-अध्यापनका विषय तथा वित्तीय स्रोतको सुनिश्चितता समेतका आधारमा शिक्षा शाखाले सामुदायिक विद्यालयको भौतिक अवस्था, व्यवस्थापकीय क्षमता, वित्तिय अवस्था आदि बिश्लेषण गरी विद्यालयलाई आवश्यक पर्ने स्थायी तथा करारका दरबन्दीको प्रस्ताव तयार गरी नगर शिक्षा समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत भौतिक अवस्था, व्यवस्थापकीय क्षमता, वित्तिय अवस्थाको प्रतिवेदनमा नगर शिक्षा समितिले औचित्यको आधारमा आवश्यकता अनुसार परिमार्जन सहित दरबन्दी स्वीकृतका लागि नगर कार्यपालिकालाई सिफारिसगर्न सक्नेछ ।

**(ख) शिक्षक विद्यार्थी अनुपात सम्बन्धमाः** नगरपालिकाले आफ्नो नगर भित्रका विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक-विद्यार्थी अनुपात मिलाउन सक्नेछ ।

**३०. शिक्षकको सेवा शर्त :** (१) शिक्षकको सेवा शर्त देहाय बमोजिम हुनेछन् :

(क) शिक्षकले आफू पदस्थापना भएको विद्यालयमा नियुक्त भएको विषयको अनिवार्य रुपमा अध्यापन गर्नुपर्नेछ ।

(ख) हरेक विषय शिक्षकले आफुले अध्यापन गर्ने विषयको कक्षागत वार्षिक शैक्षणिक योजना तोकिएको ढांचामा बनाउनु पर्नेछ सोयोजना प्रधानाध्यापक समक्ष पेश गर्नु पर्नेछ ।

(ग) यसरी बनाईएको योजना कार्यान्वयन गर्न अध्यापनको पाठ योजना हरेक पाक्षिक रुपमा प्रधानाध्यापकलाई बुझाउनुपर्नेछ ।

(घ) जम्मा भएको पाठयोजना र अनुभवलाई एकत्रित गरी प्रधानाध्यापकले अर्धवार्षिक गोष्ठि आयोजना गर्नुपर्नेछ ।

(ङ) कुनै शिक्षकले ३ (तीन) दिन वा सो भन्दा बढि विदा बस्नु परेको अवस्थामा विद्यालय प्रशासनसँग समन्वय गनुपर्नेछ । तर यो उपदफाको प्रयोजनका लागि कुनैपनि किसिमले नयाँ शिक्षक भर्ना

गर्न पाईने छैन । यदि दक्ष स्वयंसेवक परिचालन गर्ने हो भने नगर शिक्षा शाखावाट अग्रिम अनुमति लिनुपर्नेछ ।

(च) शिक्षकले विद्यालयको शैक्षिक पात्रो अनुरुप आफ्नो विषयको सिकाइ उपलब्धि किटानी लक्ष्य सहितको शैक्षिक योजना विद्यालय प्रशासनबाट स्वीकृत गराई अध्यापन गर्नुपर्नेछ ।

(ज) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु शिक्षकको कर्तव्य हुनेछ ।

**३१. शैक्षिक योग्यता :** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि आवश्यक शैक्षिक योग्यता प्रचलित संघ तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**३२. अध्यापन अनुमति पत्र सम्बन्धमाः**

(१) शिक्षक पदको लागि उम्मेदवार हुनका लागि अध्यापन अनुमति पत्र लिनुपर्नेछ । उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विषेश विषयहरु (विज्ञान, अंग्रेजी, गणित, कम्प्यूटर, विज्ञान, इन्जिनियरिङ, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान) मा करार शिक्षक नियुक्त गर्नु परेको खण्डमा स्नातक उपाधी हासिल गरेकाहरुका लागि नगरपालिकाले अस्थायी अध्यापन अनुमति पत्रको व्यवस्था गर्नसक्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिकधार, साविकको उमा दरवन्दी र अनुदान शिक्षक नियुक्ति गर्नका लागि वाधा पर्ने छैन ।

**३३. शिक्षकलाई अन्य काममा लगाउन नहुने** :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने काममा बाहेक अन्यत्र काममा लगाउन पाईने छैन । उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी विद्यालयको शैक्षिक प्रशासन गतिबिधि सम्बन्धी काममा, राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा प्रचलित कानुन बमोजिमको अन्य काममा खटाउन सकिनेछ ।

(२) उपदफा (१) को उलघंन गरेको पाइएमा नगर शिक्षाले विभागीय कारवाहीका लागि नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

**३४. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कार्वाहिका लागि वडा शिक्षा समिति मार्फत नगरशिक्षा समितिमा सिफारिस गर्नेछ :

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्रदिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भई आएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईनेछ ।

**३५. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने**

(१) दफा २९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुनसक्ने छ ।

(२) **उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनः** बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

**३६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

(१) विदा स्वीकृत गराई बसेको वा शैक्षिक प्रयोजनका लागि काजमा रहेको वा दफा (३१) को उपदफा (१) अनुरुपको काममा खटिएको अवस्था बाहेक खटाइएको विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

(२) काममा खटाउन सक्ने आधिकारीक निकायहरुले खटाएको काममा नगई निर्देशनको पालना नगर्ने त्यस्ता शिक्षकले साविक विद्यालयमा हाजिर गर्न पाउने छैन र त्यस्ता शिक्षक कर्मचारीलाई नगर शिक्षा समितिले कारवाहीको सिफारिस गर्न सक्नेछ ।

**३७. स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले अन्य देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन पाईनेछैन । यो दफा प्रारम्भ हुनुअघि स्थायी आवासीय लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**३८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ५

## शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, वृत्ति विकास तथा सेवाको सुरक्षा

**३९. शिक्षक तथा कर्मचारी नियुक्तिः**

(१) सामुदायिक/संस्थागत विद्यालयमा रिक्त दरबन्दीमा राहत शिक्षक, करार शिक्षक र करार कर्मचारीहरुको नियुक्तिको लागि देहाय बमोजिमको छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष | - संयोजक |
| (ख) नगर शिक्षा शाखा प्रमुख वा निजले खटाएको शिक्षा अधिकृत १ जना | - सदस्य |
| (ग) वडा शिक्षा समितिको अध्यक्ष वा प्रतिनिधि | - सदस्य |
| (घ) नगर शिक्षा शाखाको रोष्टरबाट विषय विज्ञ २ जना | - सदस्य |
| (ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक | - सदस्य सचिव |

(२) शिक्षक/कर्मचारी छनौट कार्य नगर शिक्षा शाखाले तोकेको स्थानमा सञ्चालन हुनेछ ।

(३) शिक्षक सिफारिस तथा छनौट समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) छनौट समितिका प्रकृयागत काम कारवाही गोप्य रहनेछ ।

(५) समितिका सदस्यहरुबाट गोपिनीयता भङ्ग भएमा त्यस्ता सदस्यलाई कारवाही र आवश्यकता अनुसार निर्णय बदर समेत गर्न सकिनेछ ।

(६) नगर शिक्षा शाखाले शिक्षक तथा कर्मचारी नियुक्तिको लागि परीक्षा सञ्चालन हरेक महिनाको अन्तिम हप्तामा गर्नेछ ।

**४०. शिक्षक सरुवा सम्बन्धी व्यवस्था** :

(१) नगरपालिका क्षेत्रभित्र एक विद्यालयवाट अर्को विद्यालयमा सरुवा हुन विद्यालयको सहमतिको आधारमा समान तह तथा विषय मिल्ने दरवन्दीमा शिक्षा समितिको निर्णयका आधारमा शाखा प्रमुखले शिक्षकको सरुवा गर्न सक्नेछ ।

(२) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ । तर आवश्यकता अनुसार कुनैपनि समयमा गर्न सक्नेछ ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई सरुवा भएको विद्यालयबाट सामान्यतया कम्तिमा एक वर्ष सेवाअवधि पूरा नभई अन्यत्र सरुवा गरिनेछैन ।

(४) वडा शिक्षा समितिको सिफरिसमा नगर शिक्षा समितिले शिक्षकलाई काज खटाउन सक्ने छ ।

(५) अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवाको लागि सरुवा भईजान चाहेको विद्यालय र सम्बन्धित स्थानीय तहको कार्यालय तथा आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिस सहित निवेदन पेश हुन आएमा नगर शिक्षा प्रमुखले सरुवाको सहमति दिन सक्नेछ ।

**४१. शिक्षक नियुक्तिको अनुमति सम्बन्धी** :

(१) विद्यालयमा रिक्त रहेको दरवन्दीमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिको निणर्य सहित नगर शिक्षा शाखामा अनुमति माग भइ आएमा त्यस्तो नियुक्तिको प्रक्रिया अगाडी बढाउन नगर शिक्षा शाखाले अनुमति दिनेछ । सो अनुमतिको वोधार्थ शिक्षा विकास तथा समन्वय इकाईलाई गराइनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रकृया पूरा गरी प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र नगरपालिकाले शिक्षक नियुक्त गर्नेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त भएका शिक्षकको अभिलेखीकरणको लागि नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

**४२. शिक्षक तथा कर्मचारीको तालिम सम्बन्धी व्यवस्था** : नगरपालिकाले माग र आवश्यकताका आधारमा कार्यक्रम तथा कार्ययोजना बनाई तालिम सञ्चालन गर्न सक्नेछ साथै शिक्षकलाई आवश्यकता अनुसार पेशागत सम्बन्धी तालिमका लागि सिफारिस गर्न सक्नेछ ।

**४३. शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा** : विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा सुविधा सुरक्षा सम्बन्धी व्यवस्था तोकिए बमेजिम हुनेछ ।

**४४. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा तोकिए बमोजिम कर्मचारीको व्यवस्था गरिनेछ ।

उपदाफा (१) बमोजिमको कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था संघ तथा प्रदशेको कानूनले तोके अनुसार हुनेछ । तर विद्यालयमा रिक्त हुन गएको कर्मचारीको हकमा अनुमति तथा नियुक्ति दफा ३५ अनुसारको छनौट समितिले गर्नेछ ।

**४५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

(२) माध्यमिक तहको प्रधानाध्यापकको लागि माध्यमिक स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षकहरुमध्येबाट प्रधानाध्यापक छनौटका लागि तोकिएबमोजिम व्यवस्था गरिनेछ । सो नभएमा विद्यालयमा कार्यरत माथिल्लो तह तथा श्रेणीको वरिष्ठ शिक्षकहरु मध्येबाट एक जनालाई विद्यालय व्यवस्थापन समितिबाट प्रधानाध्यापकको लागि निर्णय गरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(३) आधारभूत तहको प्रधानाध्यापकका लागि स्थायी तथा स्नातक उपाधि प्राप्त शिक्षकहरुमध्येबाट प्रधानाध्यापक छनौटका लागि तोकिएबमोजिम व्यवस्था गरिनेछ । सो नभएमा विद्यालयमा कार्यरत माथिल्लो श्रेणीको वरिष्ठ शिक्षकहरुमध्येबाट एक जनालाई विद्यालय व्यवस्थापन समितिबाट प्रधानाध्यापकको निर्णय गरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(४) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्नेछ ।

(५) विद्यालयको बृहत्त हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(६) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा नगर शिक्षा समितिले विव्यसको सिफारिसमा प्रधानाध्यापकबाट हटाउन सक्नेछ तर एकपटक सफाइको मौका दिइनेछ ।

## परिच्छेद ६

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

**४६. विद्यालय विकास कोष**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा दहोयबमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

**४७. अनुदानको व्यवस्था**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शर्तको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

**४८. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरुले प्रचलित कानूनअनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्नका लागि माविका हकमा प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी र आधारभुत विद्यालयको हकमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

**४९. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगरपालिकाको शिक्षा शाखामा पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक वषर्को भदौ मसान्तभित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक अवधिमा नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति विश्लेषण गरी सो को प्रतिवेदन अभिभावकसमक्ष पेश गरी पृष्ठपोषण लिनुपर्नेछ ।

**५०. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ ।

**५१. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीका नाममा कुनै किसिमका शुल्क लिन पाईन छैन ।

(क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि कुनै अभिभावकले विद्यालयका हितका लागि आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(ख) सबै बालबालिकालाई आधारभूत तह सम्मका शिक्षा अनिवार्य र निःशुल्क तथा माद्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारको सशर्त अनुदान र अन्य आवश्यक स्रोतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(ग) दृष्टिविहीन बालबालिकालाइ ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाइ साङकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(२) संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिईने शुल्क विद्यालयले प्रदान गर्दै आएको सेवा, शैक्षिक व्यवस्थापन, गत वर्षको कक्षागत सिकाइ उपलब्धि तथा मानवीय संसाधनको क्षमता बृद्धिमा गरेको खर्चको आधारमा निर्धारण गरिने छ ।

(३) संस्थागत विद्यालयमाको शुल्क निर्धारण शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

(४) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयका अर्को कक्षामा भर्ना गर्नका लागि भर्ना शुल्क लिन पाउन छैन ।

(५) संस्थागत विद्यालयले विद्यालयका भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसग कुनै किसिमका शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीसग लिन पाउने शुल्क नगर शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ ।

(७) कुन विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगर शिक्षा समितिको निर्णयको आधारमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितिको निर्णय अनुसार तोकियको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५२. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ७

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**५३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण आदि जस्ता पक्षको व्यवस्थापन हुनुपर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, प्रारम्भिक तहमा कक्षाहरुमा बुक कर्नर जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५४. विद्यालयको सम्पत्ति**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति वडा कार्यालयको सिफारिसमा नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगर शिक्षा कोषमा जम्मा गरिनेछ ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकारले तोके वमोजिम स्वीकृत लिनु पर्ने छ ।

(५) विद्यालयले चल-अचल सम्पत्ति वेचविखन गर्दा नगर कार्यपालिकाको अनुमति विना वेच्न पाईनेछैन ।

**५५. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ । सोविद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्नसक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिकाको हुनेछ ।

**५६. दण्ड सजाय :**

(१) कसैले विद्यालयका सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्ता व्यक्तिलाइ मुद्दा हेर्ने अधिकारी ( नगर उपप्रमुख) वा अदालतले सरकारी बांकि सरह बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्ता व्यक्तिलाईकसूरको मात्रा हेरी एकलाख रुपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ, साथै विगो असुल उपर गरिने छ ।

(क) प्रश्नपत्रका गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुका तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाका मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्याथी भर्ना गर्दा निजी प्रयोजनको लागि दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामश सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कुनैपनि तहको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा विद्यालयका कुनै शिक्षक वा कर्मचारी उपरमुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्ता शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएका मितिदेखि मुद्दाका टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाइ विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयादेखि पच्चीस हजार रुपयासम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाइ नगर सहायता घटाउने, रोक्न वा बन्द गर्ने,

(ङ) विद्यालयलाइ प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**५७. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ ।

**५८. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा-अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत : निस्क्रिय हुनेछ ।

**५९. पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।

(२) आफ्ना क्षत्रे भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको सख्या सम्बन्धित विद्यालयले तोकिए बमोजिमको सीमा भित्र माग गर्नुपर्नेछ ।

(३) शैक्षिक सत्र शुरु सँगै विद्यालयहरुले तोकिएका कक्षाका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्नुपर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्कको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम र अन्य तोकिएका पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) नगरपालिकाले संघ र प्रदेशको कानून प्रतिकूल नहुने गरी आवश्यकता अनुसार थप पाठ्यपुस्तक र स्थानीय पाठ्यक्रम बनाई लागू गर्नसक्नेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

(७) नगरपालिकाले शिक्षा शाखाबाट विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू भए नभएको नियमित अनुगमन हुनेछ ।

**६०. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ ।

(३) शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**६१. विद्यालयलाई सुरक्षित क्षेत्रका रुपमा कायम गर्नु पर्ने** :

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमका राजनीतिक भेला तथा अन्य अशैक्षिक क्रियाकलाप हुन नदिने गरी विद्यालयलाइ सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी व्यवस्था

**६२. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनुपर्ने छ ।**

**६३. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समिति मार्फत नगरशिक्षा समितिबाट मनोनित - अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) शाखा अधिकृत, चौतारा साँगाचोकगढी नगरपालिका - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको १ जना - सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा नगरशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**६४. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मदेवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिमार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षकउपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(ञ) शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम गर्ने ।

(ट)विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम गर्ने,

(ठ) लेखा परीक्षण गराई अनिवार्य रुपमा वार्षिक प्रतिवेदन वडा शिक्षा समिति र नगरशिक्षा समितिमा पेस गर्ने,

(ड) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागू गर्ने ।

(ढ) न्यूनतम पारिश्रमिक आयोगले तोके वमोजिन हुनेछ ।

(ण) भर्ना शुल्क र अन्य शुल्क कम्तिमा ६५ प्रतिशत अभिभावकहरुको भेलावाट निर्णय गराई स्वीकृति गर्नुपर्नेछ ।

**६५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति विपन्न, अपांगता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा नगरपालिकाको शाखाको प्रतिनिधि, शिक्षक अभिभावक संघका अध्यक्ष र विद्यालयका प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्ने छ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा नगरपालिकाको शाखामा पेस गर्नुपर्ने छ ।

**६६. अनुगमन तथा मूल्याङ्कन :** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरशिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**६७. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नसक्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**६८. अनुमति लिनु पर्ने :** शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम,अतिरिक्त शिक्षण कक्षा सञ्चालन गर्नव्यक्ति वा कम्पनी वा संस्थाले अनुमति लिनु पर्नेछ : (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

## परिच्छेद ९
## परीक्षा सञ्चालन

**६९. नगर परीक्षा समितिः**

(१) आधारभूत तहको अन्तमा लिइने परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि देहायको एक नगर परीक्षा व्यवस्थापन तथा सञ्चालन समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) सामुदायिक तथा संस्थागत विद्यालयका आधारभूत तह मध्येबाट नगर शिक्षा समितिको सिफारिसमा एक महिला शिक्षक, १ जना प्र.असहित मनोनित २ जना शिक्षक - सदस्य

(घ) नगर शिक्षक महासंघको प्रतिनिधि १ जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि अर्को नगर परीक्षा सञ्चालन मिति तोकीयको दुई महिना ६० दिन अगाडी सम्म कायम हुनेछ । तर मनोनत सदस्यको कार्य सन्तोषजनक नभएमा अध्यक्षले जुनसुकै समयमा हटाउने सक्नेछ ।तर त्यसरी हटाउनु अघि त्यस्तो मनोनित सदस्यलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

**७०. नगर परीक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) नगर परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विषयगत, कक्षागत प्रश्नपत्र तयार गर्नको लागि शिक्षक वा निबृत्त शिक्षकहरुको सूची तयार पार्ने

(ख) प्रश्न पत्र बैंक खडा गर्ने,

(ग) गोपनीयताको सुनिश्चित गर्ने,

(घ) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ङ) परीक्षा केन्द्र तोक्ने,

(च) आवश्यकता अनुसार विद्यालयलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(छ) बैज्ञानीक पद्धतिबाट कापी परिक्षण गर्न पद्धति निर्धारण गर्ने

(ज) परीक्षाफल प्रकाशित गर्ने तथा परीक्षार्थीलाई प्रमाण पत्र दिने,

(झ) बजेटको बाँडफाँड गर्ने, संस्थागत विद्यालयको परीक्षा शुल्क निर्धारण तथा परीक्षा, सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(ञ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा वदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र वन्द गर्ने,

(ट) प्राकृतिक प्रकोप वा कुनै विपत वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णयलिने,

(ठ) नगर शिक्षा समितिको बैठकबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) नगर परीक्षा समितिले माध्यमिक तहको परीक्षा सञ्चालनका लागि आवश्यक समन्वय गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) वाहेकका परीक्षा सञ्चालन नगर परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

## परिच्छेद ८

## विविध

**७१. विद्यालयको विनियम**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) समितिहरुले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्नेछन् ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिनभित्र व्यवस्थापन समितिले नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्नेछ ।

**७२. नगरपालिका र शिक्षा शाखाले निर्देशन दिनसक्ने :**

(१) नगरपालिका र शाखाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

**७३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

(३) विद्यालयको बृहत्तर सुरक्षाको लागि आवश्यक पर्ने पूर्व तयारी र व्यवस्थापन गर्नु विद्यालयको जिम्मेवारी हुनेछ ।

**७४. विद्यार्थी भर्ना सम्वन्धी व्यवस्था:** सामुदायिक विद्यालयहरुले आफ्नो सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका वालवालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नुपर्नेछ ।

**७५. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दूर्व्यवहार गर्न नहुने**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**७६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्नसक्नेछ ।

**७७. प्रगति विवरण बुझाउनु पर्ने** : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र नगर शिक्षा समितिमा बुझाउनु पर्नेछ ।

**७८. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :** सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितका सम्बन्धमा कार्य गर्न संघीय ऐन अनुसार गठन भएको शिक्षक महासंघको नगर स्तरीय नगर महासंघ रहनेछ ।

७९. **गुरुकुल, आश्रम, गुम्बा वा गोन्पा सम्बन्धमाः** गुरुकुल, आश्रम, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था नगर अनुदान मापदण्ड र नगर नियमावली वा प्रचलित कानुनलेतोकिए बमोजिम हुनेछ ।

८०. **अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयहरूले नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्डबमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी कम्तिमा ८० प्रतिशत विद्यालयको सहभागितामा अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सचालन गर्नुपर्नेछ ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्वन्धी थप व्यवस्था तोकिए बमोजिमहुनेछ ।

(४) विद्यालयहरूले दैनिक अध्यापन तालिकामाअतिरिक्त क्रियाकलापलाई नियमित अध्यापन सरह सञ्चालन हुने र त्यसको मुल्यांकन हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

८१. **विद्यालय शिक्षक तथा विद्यार्थीको पोशाक सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले सामुदायिक विद्यालयका विद्यार्थीको पोशाकमा एकरुपता ल्याउने गरी पोशाक निर्धारण गर्न सक्नेछ । शिक्षककहरुको पोशाकको हकमा संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(२) सामुदायिक विद्यालयले उपदफा (१) बमोजिम निर्धारण भएको पोशाकको पालना गर्नु पर्नेछ ।

८२. **लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षणः** विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८३. **अनुमति लिनु पर्ने :** कुनै संस्था वा व्यक्तिले देहायको शिक्षासँग सम्बन्धित देहायकाएक दिने सेवा सञ्चालनको लागि सम्बन्धित वडा कार्यालय र सो भन्दा बढि समयको लागि नगरपालिकासँग स्वीकृति लिनु पर्नेछ :-

(क) विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा,

(ख) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा ।

(ग) शिक्षक विद्यार्थी परिचालित हुने कृयाकलाप,

(घ) विद्यालयको भौतिक सम्पत्ति प्रयोग हुने कृयाकलाप ।

८४. **नगर शिक्षा कोष** :

(१) सामुदायिक विद्यालयका भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहना तथा क्षमता बिकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुर्‍याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कोषमा देहायका रकमहरु रहनेछन :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम

(ग) नगर शिक्षा समिति तथा परीक्षा समितिको निर्णय अनुसार प्राप्त रकम ।

(घ) अन्य (प्रमाण पत्र प्रतिलिपि, सिफारिस, अनुमति आदि) श्रोतबाट प्राप्त रकम,

(ग) अन्य स्वच्छिक श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमका कोषको व्यवस्थापन, सञ्चालन र परिचालन नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**८५. विद्यालयहरुको अनुगमन तथा निरीक्षण:** नगरपालिका क्षेत्र भित्रका विद्यालयको समग्र पक्षको अनुगमन गर्न नगरपालिकाले आवश्यकता अनुसारको एक अनुगमन समिति गठन गरी विद्यालयहरुको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

**८६. बाधा अडकाउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्ता बाधा अडकाउ हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्ता आदेश यस ऐनमा परे सरह मानिनेछ ।

**८७. बचाउ र लागू नहुने :** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित संघीय कानून बमोजिम हुनेछ । यस ऐनमा उल्लेखित दफाहरु संघीय र प्रादेशीय ऐनसँग बाझिएको खण्डमा स्वतः निस्कृय हुनेछन् ।

**८८. नियम बनाउने अधिकार :**

(१) यस ऐनका उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो नियम, निर्देशिका तथा कार्यविधिमा देहायका कुराहरु व्यवस्था हुन सक्नेछ :-

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाइ दिइने अनुदान,

(घ) शैक्षिक क्यालण्डर तथा शैक्षिक पुस्तिाक प्रकाशन

(ङ) आधारभुत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्धारण सम्बन्धी,

(च) विद्यालयका अतिरिक्त कार्यकलाप र कार्यक्रमका निर्धारण,

(छ) नमूना विद्यालय छनौट र विकास

(ज) विद्यालयमा विद्याथी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,

(झ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ञ) विद्यालयले छात्रावास चलाउने,

(ट) विद्यालयको आय-व्ययको जाँच,

(ठ) विद्यालयको लेखा, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

(ड) विद्यालयको पाठयक्रम, पाठयपुस्तक तथा सन्दर्भ सामग्री,

(ढ) शिक्षक तथा विद्यार्थीहरुको आचार संहिता,

(ण) विद्यालयको पुस्तकालय र वाचनालय,

(त) शिक्षक तालिम तथा विद्यालय व्यवस्थापन,

(थ) प्रधानाध्यापकको नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(द) विद्यालयका शिक्षकहरुको सेवा शर्त,

(ध) समावेशी शिक्षा

(न) अनौपचारिक शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा

(त) दूर शिक्षा तथा खुला शिक्षा,

(थ) संस्थागत विद्यालय सञ्चालन मापदण्ड,

(द) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र नीजि क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी ।

(ध) असल शिक्षक प्रोत्साहन,

(न) मन्टेश्वरी एवम् चाइल्ड कियर सेन्टर सञ्चालन

(प) विद्यालय अनुदान,

(फ) विद्यार्थी संख्या अभिवृद्धि कार्यक्रम

(ब) विद्यालयको परीक्षा

(भ) विद्यालय शिक्षक तथा कर्मचारीको सपथग्रहण

(म) आवासीय विद्यालय सञ्चालन गर्ने ।

८९. **खारेजी र बचाउ** : यो ऐन बन्नु अगावै कार्यपालिकाको निर्णय बाट भएका कार्य वा प्रचलित कानून बमोजिम भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।